# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।०८।०९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

मनसुता सामुदायिक वन उपभोक्ता समुह, दाङका तत्कालीन अध्यक्ष कुल बहादुर खत्रीले बिना अनुमति रुख कटान गरी आर्थिक हिनामिना गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन अध्यक्ष कुल बहादुर खत्री, तत्कालीन सचिव शोभा भनिने शवी कुमारी खड्का र तत्कालीन कोषाध्यक्ष टोपेन्द्र थापाले आ.व. २०६८/०६९ देखी आ.व. २०७०/०७१ सम्मको लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित घुम्ती कोष लगानी विवरणमा रु.३,७२,०००।– लिए/दिएको भनी भरपाईसमेत नभएको झुट्टा विवरण बनाएको साथै बन हेरालुलाई तलब रु.८४,०००।–दिएको विवरण व्यय शीर्षकमा राखी झुट्टा विवरण बनाई आपसी मिलेमतोमा मनसुता सामुदायिक वन उपभोक्ता समुहको सम्पत्ति रु.४,५६,०००।– बदनियतपूर्वक हिनामिना गरी आफैले खाई मासेको पुष्टि हुन आएको हुँदा निज कुल बहादुर खत्री, शवी कुमारी खड्का र टोपेन्द्र थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.४,५६,०००।– (चार लाख छपन्न हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिमको सजाय हुन र ऐ. दफा १७ बमोजिम निजहरुबाट सो सम्पत्ति असुलउपर हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

सहायक प्रवक्ता
वेदप्रसाद भण्डारी